२०७४ साल फाल्गुण ३ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छनः

१. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको - नेपालको संविधान बमोजिम संघीय संरचनामध्येको प्रदेश सभा सदस्यको निर्वाचन सफलतापूर्वक सम्पन्न गरी यो प्रदेशको प्रदेश सरकार गठन गर्नेसम्मको कार्यमा अमूल्य सहयोग प्रदान गर्नुहुने आम मतदाता, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत यस प्रदेशका सम्पूर्ण जनसमुदायप्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

२. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- प्रदेश नं. ५ प्रदेश सरकार(कार्य विभाजन) नियमावली, २०७४ स्वीकृत गर्ने ।

३. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- प्रदेश नं. ५, प्रदेश सरकार(कार्यसम्पादन) नियमावली,२०७४ स्वीकृत गर्ने ।

४. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको आदेश, २०७४ स्वीकृत गर्ने ।

५. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- प्रदेश नं. ५ प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धी नियमावली,२०७४ स्वीकृत गर्ने ।

६. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- प्रदेश प्रमुख/ मुख्यमन्त्री/ मन्त्री/ राज्यमन्त्री/ सहायक मन्त्रीको पदको शपथको ढाँचा समर्थन गर्ने ।

७. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- प्रदेश नं. ५ प्रदेश अन्तर्गतका सार्वजनिक लाभको पदमा रहने व्यक्तिले गर्नुपर्ने प्रतिवद्धता पत्रको ढाँचा स्वीकृत गर्ने ।

८. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- प्रदेश सरकारको प्रवक्तामा यस प्रदेश नं. ५ का भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री श्री बैजनाथ चौधरी(थारु) लाई तोक्ने ।